# नेपाल विद्युत प्राधिकरण

आयोजना विकास निर्देशनालय

## सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग

मध्यबानेश्वर, काठमाण्डौ

## सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९।०४।०३

यस सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभागको लागि आ.व. २०७९/८० मा आवश्यक पर्ने तपशिल बमोजिमका परामर्श सेवा आपूर्ति सम्बन्धी कार्य, निर्माण सेवा एवं आपूर्ति / सप्लाई एवं मर्मत सम्भार सम्बन्धी कार्य गर्न नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली २०६८ (संशोधन सहित) को विनियम ९१ मा व्यवस्था भए अनुसार मौजुदा सूची (Standing List) तयार गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, कम्पनी, फर्म वा सप्लायर्स र तालीम गोष्ठि सञ्चालन प्रयोजनको लागि गैह्रसरकारी संस्था समेतले व्यवसाय दर्ताको प्रमाण पत्र, मू.अ.कर (VAT) को प्रमाणित प्रतिलिपीका साथै सार्वजनीक खरिद कार्यका लागि अयोग्य नभएको, पेशागत कसुर सजाय नलागेको तथा कालो सूचीमा नपरेको व्यहोराको स्वघोषणा गरी फर्मको नाम, ठेगाना र सम्पर्क नं. समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र निवेदन सहित **नेपाल विद्युत प्राधिकरण, सामाजिक सुरक्षण तथा वातावरण व्यवस्थापन विभाग, मध्यबानेश्वर, काठमाण्डौमा** देहाय बमोजिम सूची दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धि सूचना विभागको सूचना पाटीमा समेत टाँस गरिएको व्यहोरा जानकारी गराईन्छ।

तपसिलः

*(क) स्टेशनरी तथा मर्मत सम्भार सेवा तर्फ :*

१. स्टेशनरी तथा मसलन्द सामानहरु खरिद तथा छपाई

२. फर्निचर तथा फिक्चर्स

३. पिउने पानी आपूर्ति

४. सवारी साधनका पाटपूर्जा खरिद तथा मर्मत

५. भौतिक सम्पत्तिको मर्मत तथा रंगरोगन

६. विज्ञापन प्रकाशन तथा प्रसारण सेवा

७. ईन्टरनेट सेवा तथा सोको मर्मत कार्य

८. पत्रपत्रिका आपूर्ति सम्बन्धी कार्य

९. विविध

*(ख) परामर्श सेवा आपूर्ति :*

समूह (अ) : वातावरणीय अध्ययन तर्फ : वातावरणीय अध्ययन कार्यको लागि आवश्यक कार्यसूची (ToR) तथा क्षेत्र निर्धारण (Scoping) सम्बन्धी कार्य र संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) वन्यजन्तु, चराचुरुङ्गी एवं जैविक विविधता सम्बन्धि विषयगत अध्ययन कार्य।

राजनऋषि कडेल

निर्देशक

समूह (आ) : वातावरणीय अनुगमन सम्बन्धि कार्य : सामाजिक तथा वातावरणीय पक्षको अनुगमन कार्य, वातावरणीय व्यवस्थापन योजना (EMP) सम्बन्धि कार्य, पुर्नवास तथा पुर्नस्थापना कार्य योजना (RRAP) सम्बन्धी कार्य एवं आयोजनाको बाह्य (तेस्रो पक्ष) अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य ।

समूह (इ) : आयोजना स्थलमा संचालन गर्नुपर्ने जनचेतनामूलक तथा अन्य कार्य : सामाजिक, वन संरक्षण तथा वन्यजन्तु संरक्षण सम्बन्धी सचेतनामूलक कार्यक्रम, आय आर्जन सम्बन्धी कार्यक्रम, लैङ्गिक समानता तथा सामाजिक समावेशी करण सम्बन्धी कार्य ।

समूह (ई) : सिपमुलक तालिम : छोटो अवधिको ड्राइभिङ, हाउस वायरिङ्ग, प्लम्बिङ्ग, वेल्डिङ्ग, मर्मत सम्भार, सिलाई, बुनाई, ब्युटिपार्लर सम्बन्धि कार्य ।

समूह (उ) : आयोजना स्थलमा संचालन गर्नु पर्ने, वातावरणीय सुचकाङ्क बमोजिमको Air, Noise, Water Quality मापन सम्बन्धी कार्य ।

*(ग) निर्माण सेवा :*

१. सामुदायिक सामाजिक उत्तरदायित्व (Community Social Responsibility) सम्बन्धि विविध संरचना निर्माण कार्य ।

**निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु (नोटरी पब्लिक बाट प्रमाणित गरिएको हुनुपर्ने) :**

१. फर्म / संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

२. भ्याट / प्यान दर्ता नं को प्रमाणित प्रतिलिपी ।

३. आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

४. उद्देश्य अनुसारको व्यवसायिक ईजाजत पत्र ।

५. व्यक्ति विशेषका लागि प्यान नं., नागरिकता प्रमाण पत्रको प्रतिलिपी, व्यक्तिगत विवरण (CV) अनिवार्य हुनेछ ।

**द्रष्टव्यः**

१. आफ्नो फर्म वा संस्थाले जुन कार्य गर्न वा सामान आपूर्ति गर्न वा सेवा प्रदान गर्न इजाजत प्राप्त गरेको हो सोहि समूहको लागि मात्र सूची दर्ता गराउनु पर्नेछ । एक भन्दा बढी समूहको लागि भए प्रत्येक समूहमा छुट्टा छुट्टै निवेदन दिई सूची दर्ता गराउनु पर्नेछ ।

२. प्रवन्ध पत्र एवं नियमावली तथा संस्थाको प्रमाण पत्रमा जुन उद्देश्य खुलेको छ सोही विषयमा मात्र दरखास्त दर्ता गरिनेछ ।

३. आवश्यक प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारबाही हुने छैन ।

४. यस सुचना अनुसार दर्ता गरेको सुची चालू आ.व. २०७९/८० को लागि मात्र मान्य हुनेछ ।

राजनऋषि कडेल
निर्देशक